# पिपिए सम्बन्धमा ने.वि.प्रा. संचालक समितिबाट भएका केही महत्वपूर्ण निर्णयहरु

निजी क्षेत्रका विद्युत प्रबर्द्धक कम्पनीहरु र ने.वि.प्रा. बीच भएका/गरिने विद्युत खरिद सम्झौता (Power Purchase Agreement) सम्बन्धमा ने.वि.प्रा. बाट भएका तपशिल बमोजिमका निर्णयहरु सम्बन्धित सबैलाई जानकारी गराइएको छ ।

क) ने.वि.प्रा. संचालक समितिको मिति २०७१।०५।६ को ६८५ औं बैठकबाट स्वीकृत Grid Impact Study सम्बन्धी निर्देशिका, २०७१:

निजि विद्युत उत्पादक (Independent Power Producers (IPP)) हरुबाट प्रबर्द्धित विद्युत आयोजनाहरुबाट उत्पादन हुने विद्युत ने.वि.प्रा.को मौजुदा, निर्माणाधिन तथा प्रस्तावित सबस्टेशनहरु मार्फत प्रशारण गर्न Grid Impact Study गर्दा अवलम्वन गर्नुपर्ने मान्यताहरु ( Assumptions), प्रबर्द्धकले बुझाउनुपर्ने दस्तुरको पुनरावलोकन र कनेक्सन एग्रिमेण्टमा एकरुपता कायम गर्ने बारे थप अध्ययन गरी निर्देशिका (Guidelines) सहित पेश गर्न सञ्चालक समितिको मिति २०७१।३।१३ को ६७६ औं बैठकको निर्णयानुसार निम्नानुसारको कमिटि गठन भएको थियो ।

| | |
|---|---|
| १. उपकार्यकारी निर्देशक, प्रशारण निर्देशनालय | संयोजक |
| २. निर्देशक, विद्युत व्यापार विभाग | सदस्य |
| ३. निर्देशक, प्रणाली योजना विभाग | सदस्य |
| ४. निर्देशक, योजना तथा प्राविधिक सेवा विभाग, वि.ग्रा.से. निर्देशनालय | सदस्य |
| ५. निर्देशक, ग्रिड सञ्चालन विभाग | सदस्य सचिव |

यस कमिटिले (IPP) हरुबाट प्रबर्द्धित विद्युत आयोजनाहरुबाट उत्पादन हुने विद्युत ने.वि.प्रा.को सबस्टेशनहरु मार्फत प्रशारण गर्न Grid Impact Study गर्दा र कनेक्सन एग्रिमेण्ट गर्दा अवलम्वन गर्नुपर्ने मान्यताहरु र सो संग सम्बन्धित विषयमा विस्तृत छलफल गरी निम्नानुसारको व्यवस्था गर्न उपयुक्त देखिएकोले सिफारिश गरिएको छ ।

१. **Grid Impact Study**

१.१ **Grid Impact Study** गर्दा अवलम्वन गर्नुपर्ने मान्यता **(Assumptions)** बारे ।

ने.वि.प्रा. सञ्चालक समितिको मिति २०६८/०३/१४ को ५७१ औं बैठकबाट निर्णय भए अनुसार GIS गर्दा निम्नानुसारको नीति अवलम्वन गर्ने गरिएको छ:

क) Grid Impact Study (GIS) को Modeling गर्दा सञ्चालनमा रहेका सबै उत्पादन केन्द्रहरुको कूल क्षमतामा १०% (Spinning Reserve) को रुपमा घटाएर राख्ने । साथै GIS भइसकेका तर सञ्चालनमा आउन बांकी रहेका आयोजनाहरुको क्षमतामा पनि १०% (Spinning Reserve) को रुपमा क्षमता घटाएर राख्ने ।

ख) अव उप्रान्त IPP हरुको GIS गर्दा निर्माण शुरु भई नसकेका आयोजनाहरुको हकमा कूल उत्पादन क्षमताको ५०% क्षमता कायम गरी Modeling गर्ने ।

उपरोक्त व्यवस्था अनुसार विभिन्न IPP हरु (सञ्चालन तथा निर्माणमा गइसकेको आयोजनाबाहेक) को पूर्ण उत्पादन क्षमताको ५०% मात्र क्षमता कायम गरी Modeling गरी GIS सम्पन्न गर्दा निम्न समस्या देखापरेको छ:

क) IPP हरुबाट प्रवर्द्धित जलविद्युत आयोजनाहरुको क्षमता पूर्ण उत्पादन क्षमताको ५० % मात्र क्षमता कायम गरी Load Flow Study सम्पन्न गरीएको छ तर ती आयोजनाहरु निर्माणमा गइसकेपछि उक्त आयोजनाहरुलाई पूर्ण क्षमता कायम गरी Load Flow Study गर्दा उक्त ज.वि.आ.हरुको नजिक रहेको विभिन्न प्रशारण लाइनहरुका साथै ढल्केवर-मुजफ्फुर ४०० के.भि. अन्तर्देशीय प्रशारण लाइनमा Congestion हुने ।

ख) ठुला ज.वि.आ. हरुको क्षमता ५०% राखेर Modeling गर्दा र पछि सो आयोजना निर्माण पश्चात् System मा Connection हुंदा System मा प्रशारण लाइनहरु Congestion हुने ।

ग) त्यसैगरी, कुनै पनि एउटै Corridor मा ५०% क्षमता कायम गरी GIS सम्पन्न भएको ज.वि.आ.हरु सबै निर्माण भएको खण्डमा त्यस Corridor को प्रशारण लाइनमा Congestion हुने ।

उल्लेखित मान्यताका अतिरिक्त निम्नानुसारका मान्यताहरु कायम गरी GIS कार्य गर्ने गरिएको छ ।

क) ने.वि.प्रा. मा हाल कायम भएको Load Forecast प्रयोग गरिएको ।

ख) ने.वि.प्रा. बाट निर्माणाधीन तथा भविष्यमा निर्माण हुने प्रशारण लाइनहरुको Commissioning Year हरु ने.वि.प्रा. कार्यकारी निर्देशकज्यूको २०७१।१।२३ को निर्णय तथा प्रशारण निर्देशनालय अन्तर्गत अनुगमन तथा व्यवस्थापन सूचना प्रणाली शाखाको मिति २०७१।२।१२को पत्रको आधारमा लिइएको ।

ग) ने.वि.प्रा. अन्तर्गत निर्माणाधीन ज.वि. आयोजनाहरुको Commissioning Year सम्बन्धित निर्देशनालयबाट प्राप्त जानकारीको आधारमा लिइएको ।

घ) विभिन्न IPPs द्वारा निर्माणाधीन तथा भविष्यमा निर्माण गरिने ज.वि. आयोजनाहरुको Commissioning Year, ने.वि.प्रा., विद्युत व्यापार विभागबाट प्राप्त जानकारीका साथै GIS बाट निर्धारित Commissioning Year ( PPA नभएका आयोजनाहरुको हकमा ) को आधारमा लिइएको ।

GIS सम्पन्न भई Connection Agreement समेत भइसकेका कतिपय आयोजनाहरुद्वारा लामो समयसम्म PPA नगर्ने प्रवृत्ति देखिएको छ । यसरी GIS गरी लामो समयसम्म PPA नगर्दा ज.वि.आ. हरुको GIS गर्दा निर्धारण गरेका विभिन्न Assumption हरु परिवर्तन भई GIS को Result मा फरक आउनसक्ने सम्भावना भएकोले GIS को Validity १(एक) वर्ष कायम गर्न उपयुक्त हुने देखिएकोले सोही अनुसार Connection Agreement को Validity १(एक) वर्ष कायम गर्नु पर्ने देखिन्छ ।

यसर्थ उल्लेखित तथ्यहरुलाई विश्लेषण गर्दा अब उप्रान्त देहायमा उल्लेख भए बमोजिमका आधारमा Grid Impact Study (GIS) गर्न उपयुक्त देखिन्छ ।

क. GIS को Modeling गर्दा अब उप्रान्त GIS गरिनें ने.वि.प्रा. तथा IPP हरुका सबै आयोजनाहरुलाई पूर्ण क्षमतामा राखी Modeling गर्ने ।

ख. यो निर्देशिका स्वीकृत भई लागु भएपछि गरिने Connection Agreement को म्याद १ वर्ष कायम गर्ने । Connection Agreement भएको १ वर्ष भित्र पनि PPA सम्पन्न नभएमा पुन: GIS गर्ने वा नगर्ने तथा म्याद थप गर्ने वा नगर्ने सम्बन्धमा निम्नानुसारको एक स्थायी कमिटी गठन गर्ने र उक्त कमिटीको राय सिफारिशको आधारमा निर्णय लिने ।

कमिटी का पदाधिकारी

१. उपकार्यकारी निर्देशक, योजना, अनुगमन तथा सुचना प्रविधि निर्देशनालय-संयोजक
२. निर्देशक, प्रणाली योजना विभाग -सदस्य
३. निर्देशक, ग्रिड सञ्चालन विभाग -सदस्य
४. निर्देशक, योजना तथा प्राविधिक सेवा विभाग, वि.ग्रा.से. निर्देशनालय -सदस्य
५. निर्देशक, विद्युत व्यापार विभाग -सदस्य सचिव

ग. कनेक्सन एग्रिमेण्ट भई PPA गर्ने क्रममा रहेका विद्युत आयोजनाहरुको हकमा यो निर्देशिका लागु भए पश्चात एक पटकलाई मात्र Connection Agreement को म्याद अधिकतम एक बर्ष थप गर्ने । थप भएको एक वर्ष भित्र पनि PPA सम्पन्न नभएमा पुन: GIS गर्ने वा नगर्ने, म्याद थप गर्ने वा नगर्ने सम्बन्धमा माथि उल्लेखित कमिटीको राय सिफारिशको आधारमा निर्णय लिने । उपरोक्त कमिटिले पुन: GIS गर्नुपर्ने ठहर गरेमा प्रवर्द्धकले नियमानुसारको दस्तुर बुझाइ पुन: निवेदन दिनुपर्ने ।

१.२. **Grid Impact Study (GIS)** अनिवार्य गर्ने/गराउने

क. ने.वि.प्रा. ग्रिड सञ्चालन विभागबाट कनेक्सन एग्रिमेण्ट गर्नुपूर्व ने.वि.प्रा. प्रणाली योजना विभागबाट अनिवार्य रुपमा विभिन्न प्रवर्द्धकहरुबाट प्रवर्द्धित विद्युत आयोजनाहरुबाट उत्पादन हुने विद्युत र High Voltage Consumer हरुबाट माग हुने नयां विद्युत आपूर्ति एवं क्षमता बृद्धिको Grid Impact Study (GIS) गराई सो GIS को आधारमा ने.वि.प्रा. प्रणाली योजना विभागबाट प्राप्त राय सिफारिश बमोजिम कनेक्सन एग्रिमेण्ट गर्ने गरिएको छ । तर वितरण तथा ग्राहक सेवा निर्देशनालय अन्तर्गतका क्षेत्रीय कार्यालयहरुबाट GIS नगरिकनै कनेक्सन एग्रिमेण्ट गरिंदा कतिपय सबस्टेशनमा मौजुदा ट्रान्सफरमर ओभरलोड हुने समस्या देखापरेको हुंदा उक्त समस्या हल गर्नको लागि अब उप्रान्त निम्नानुसारको व्यवस्था गर्ने ।

१. विद्युत आयोजनाहरुको हकमा १ मे.वा. भन्दा कम क्षमताको आयोजनाको GIS गर्नुनपर्ने तर १ मे.वा. वा सो भन्दा बढी क्षमताका आयोंजनाहरुको अनिवार्य रुपमा GIS गराउनु पर्ने ।

२. हाल ग्रिड कोडको दफा (३.४.२.२.२) अनुसार High Voltage Consumer को १ मे.वा. भन्दा बढी लोडको मात्र GIS गर्नुपर्ने प्रावधान रहेकोमा सबै भोल्टेज लेबलका नयां Consumer को हकमा ३ एम्.भि.ए. भन्दा बढी र साविक ग्राहकको क्षमता वृद्धिको हकमा कुल लोड ५ एम.भि.ए. भन्दा बढी लोडको GIS गर्ने । यसरी GIS गर्नु नपरेका नयां ग्राहकका ३ एम.भि.ए. सम्मको लोडको तथा साविक ग्राहकको क्षमता वृद्धिको हकमा ५ एम.भि.ए. सम्मको लोडको विवरण प्रणाली योज़ना विभागमा अनिवार्य पठाउने व्यवस्था गर्ने ।

३. वितरण तथा ग्राहक सेवा निर्देशनालय (DCS) अन्तर्गतका कार्यालयहरुबाट कनेक्सन एग्रिमेण्टको लागि GIS गराउन DCS बाटै कम्पनि संग नियमानुसार GIS को लागि ने.वि.प्रा.बाट निर्धारित दस्तुर लिई GIS को लागि प्रणाली योजना विभागमा पठाउने व्यवस्था गर्ने ।

१.३. Grid Impact Study को दस्तुर पुनरावलोकन गर्ने सम्बन्धमा

Grid Impact Study को लागि हाल लिईरहेको दस्तुर वि.सं २०६५ सालमा ने.वि.प्रा. सञ्चालक समितिबाट स्विकृत भएको थियो । हालको अवस्थामा तलवमानको वृद्धिका साथै प्रशासनिक खर्चमा समेत भारी बृद्धि भएको कारणले Grid Impact Study को दस्तुर पुनरावलोकन गर्न आवश्यक देखिएकोले निम्नानुसार दस्तुर लिन प्रस्ताव गरिएको छ ।

| क्र.स. | क्षमता | हालको Grid Impact Study दस्तुर (ने.रु.) | प्रस्तावित Grid Impact Study दस्तुर (ने.रु.) |
|---|---|---|---|
| १. | ५ मे.वा. भन्दा कम | ५०,०००।०० | ५०,०००।०० |
| २. | ५ मे.वा. देखी १५ मे.वा. भन्दा कम | ७५,०००।०० | १,००,०००।०० |
| ३. | १५ मे.वा. देखी २५ मे.वा. भन्दा कम | ७५,०००।०० | १,५०,०००।०० |
| ४. | २५ मे.वा. देखी ५० मे.वा. भन्दा कम | १,००,०००।०० | २,००,०००।०० |
| ५. | ५० मे.वा. देखी माथि (Stability Aanalysis समेत ) | १,७४,०००।०० | ३,५०,०००।०० |

२. कनेक्सन एग्रिमेण्टमा एकरुपता कायम गर्ने

२.१ जग्गा सम्बन्धी व्यवस्था :

ने.वि.प्रा.को प्रणालीमा कनेक्सन हुन आउने विद्युत आयोजनाका प्रवर्द्धक(IPP) ले ने.वि.प्रा.को सबस्टेशनमा Bay निर्माण गर्नुपर्ने र उक्त Bay निर्माणको लागि प्रवर्द्धकसंग गरिने कनेक्सन एग्रिमेण्टमा निम्नानुसारको व्यवस्था गर्न उपयुक्त देखिन्छ ।

क. कनेक्सन एग्रिमेण्ट गर्दा भविष्यमा ने.वि.प्रा. लाई आवश्यक पर्न सक्ने स्थान सुरक्षित राखि पहिले कनेक्सन एग्रिमेण्ट गर्ने कम्पनिलाई Bay को लागि सन्निकट जग्गामा स्थान उपलब्ध गराउदै आइएकोमा कनेक्सन एग्रिमेण्ट गरि विद्युत खरिद विक्रि सम्झौता तथा निर्माण कार्य ढिलो गरि स्थान ओगटेर मात्र बस्ने प्रवृति बढ्दै गएकोले अव उप्रान्त कनेक्सन एग्रिमेण्ट गर्दा ने.वि.प्रा.लाई आवश्यक पर्न सक्ने स्थान सुरक्षित राखि पहिले COD गर्ने कम्पनिलाई सन्निकट जग्गामा Bay को लागि स्थान उपलब्ध गराउने । ने.वि.प्रा.ले स्थान उपलब्ध गराएमा निम्नानुसारको भाडा लिने ।
   क. ३३ के.भी. बे को लागि - रु. १ लाख ८ हजार प्रति वर्ष
   ख. ६६ के.भी. तथा १३२ के.भी. बे को लागि - रु. २ लाख १६ हजार प्रति वर्ष
   ग. २२० के.भी. वा सो भन्दा माथिको बे को लागि - रु. ४ लाख ३२ हजार प्रति वर्ष

ख. ने.वि.प्रा.ले स्थान उपलब्ध गराउन नसक्ने अवस्थामा प्रबर्द्धक स्वयमले ने.वि.प्रा.को पूर्व स्वीकृति लिई सबस्टेशन संगै Bay Extension गर्न मिल्ने पर्याप्त जग्गा ने.वि.प्रा. को नाममा खरिद गरी उपलब्ध गराउने । यसरी जग्गा खरीद गरी उपलब्ध गराउने प्रवर्द्धकलाई Bay Extension का लागि सन्निकट जग्गा उपलब्ध गराउनुपर्ने भएमा बुंदा नं २ (क) बमोजिम गर्ने । यसरी आफैले जग्गा खरिद गरेमा कम्पनिले भाडा तिर्नु नपर्ने ।

ग. प्रबर्द्धकले खरिद गरेको जग्गालाई ने.वि.प्रा.को मौजुदा स्वीचयार्डको अवस्था अनुसार Bay Extension गर्न मिल्ने गरी Boundary Wall तथा Retaining Wall लगायतका अन्य सुरक्षात्मक उपायहरु अपनाई जग्गा सुरक्षित तथा व्यवस्थित गर्ने कार्य प्रबर्द्धक स्वयमले गर्ने ।

घ. Bay निर्माण गर्दा ने.वि.प्रा.को मौजुदा संरचनाहरु सार्नु पर्ने भएमा कम्पनिले आफ्नै खर्चमा सार्ने ।

२.२. Delivery Point को व्यवस्था

ने.वि.प्रा. वितरण तथा ग्राहक सेवा निर्देशनालय अन्तर्गतका क्षेत्रिय कार्यालयहरुबाट गरिएका कतिपय कनेक्सन एग्रिमेण्टमा प्रवर्द्धकहरुलाई ने.वि.प्रा.को वितरण लाइनमा T -Connection दिइएकोले उक्त वितरण लाइनबाट विद्युत वितरण भएका क्षेत्रहरुमा लोडसेडिङ्ग गर्न तथा लाइन मर्मत संभार गर्न कठिनाई उत्पन्न भएको हुंदा उक्त निकायहरुबाट गरिने कनेक्सन एग्रिमेण्टमा निम्नानुसारको व्यवस्था गर्ने ।

क. अब उप्रान्त लघु ज.वि. आयोजना बाहेकका आयोजना संग कनेक्सन एग्रिमेण्ट गर्दा अनिवार्य रुपमा विद्युत केन्द्र देखी ने.वि.प्रा.को नजिकको सबस्टेशन सम्म प्रशारण लाइन निर्माण गरि कनेक्सन गर्ने व्यवस्था मिलाउने । कुनै पनि विद्युत आयोजनालाई ने.वि.प्रा.को पोल वा टावरमा T-Connection नदिने ।

ख. ने.वि.प्रा.को पोल वा टावरमा T-Connection गरिएका १ मे.वा. भन्दा बढी क्षमताका ज.वि. आयोजनाहरु जसको PPA मा Take or Pay को व्यवस्था रहेको छ, ती आयोजनाहरुको T-Connection क्रमिक रुपमा हटांउदै जाने ।

ग. प्रवर्द्धकले ने.वि.प्रा.को जुन सबस्टेशनमा कनेक्सन गर्छ त्यही सबस्टेशनलाई Delivery Point मान्ने र मिटरिङ्गको व्यवस्था पनि Delivery Point मा नै गर्ने ।

२.३. Control Panel जडान गर्ने सम्बन्धमा

प्रवर्द्धकले आफ्नो विद्युतिय उपकरणहरुको सञ्चालन गर्न ने.वि.प्रा.को मौजुदा कन्ट्रोल भवनमा Control and Relay Panel को जडान गर्नुपर्ने भएकोले उपरोक्त उपकरणहरु जडान गर्ने सम्बन्धमा कनेक्सन एग्रिमेण्टमा निम्नानुसार व्यवस्था गर्न उपयुक्त देखिन्छ ।

क. विद्युत उत्पादन आयोजनाका प्रबर्द्धक वा अन्य कम्पनिहरुले आफ्नो विद्युतिय उपकरणहरु सञ्चालनको लागि जडान गर्नुपर्ने Control Panel ने.वि.प्रा.को लागि आवश्यक पर्न सक्ने स्थान सुरक्षित राखि सबस्टेशनको कन्ट्रोल भवन भित्र पर्याप्त स्थान उपलब्ध भएमा त्यही जडान गर्न दिने अन्यथा प्रवर्द्धकलाई Control Room Modification /Extension गर्न लगाउने ।

ख. पांच (५) मेगावाट भन्दा बढी क्षमताको आयोजनाको हकमा ने.वि.प्रा.को कन्ट्रोल भवन भित्र Control Panel जडान गरे वापत सञ्चालक समितिको ६७१ औं बैठकबाट Dedicated Feeder को लागि स्वीकृत भए बमोजिम निम्नानुसारको भाडा लिने ।

१. Control Panel को लागि - रु. १ लाख ८ हजार प्रति वर्ष
२. Operation Charge: रु. १ लाख ८ हजार प्रति वर्ष

ग. पांच (५) मेगावाट सम्म क्षमता भएका आयोजनाको हकमा उक्त भाडा दरको ५० प्रतिशत मात्र लिने ।

३. यो निर्देशिकामा उल्लेख भएका बाहेकको हकमा ने.वि.प्रा. ग्रिड कोड २००५ मा व्यवस्था भए अनुसार गर्ने ।

४. यो निर्देशिका स्विकृत भई लागु भए पश्चात गरिने GIS, कनेक्सन एग्रिमेण्ट वा GIS, कनेक्सन एग्रिमेण्टको म्याद थप गर्दा यो निर्देशिका लागु हुने छ ।

ख) ने.वि.प्रा. संचालक समितिको मिति २०७१।०५।३१ को ६८८ औं बैठकबाट स्वीकृत RCOD संशोधन सम्बन्धी शर्तहरु :

निजी क्षेत्रका विधुत प्रवर्द्धक कम्पनीहरुसँग ने. वि. प्रा. ले गर्नुपर्ने विभिन्न आयोजनाको विधुत खरीद-बिक्री सम्झौता (PPA) र कनेक्सन एग्रिमेन्टमा ने. वि. प्रा. को दायित्वअन्तर्गत पर्ने प्रसारण लाइन तथा सबस्टेशन निर्माण कार्यको अवधि ने. वि. प्रा. को कारणले ढिला भएमा निम्न शर्तहरुको अधीनमा रही सम्बन्धित आयोजनाहरुको व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति (RCOD) संशोधन गर्न स्वीकृति दिने:

शर्तहरु:

क) आयोजनाले ऊर्जा मन्त्रालयबाट उत्पादन अनुमति-पत्र प्राप्त गरी सकेको हुनुपर्नेछ ।

ख) आयोजनाको वितीय व्यवस्थापन सम्पन्न (Financial Closure) भई सकेको हुनुपर्नेछ ।

ग) आयोजनाको RCOD समाप्त हुनु अगावै RCOD संशोधन गर्नुपर्ने कारणसहितको निवेदन दिनु पर्नेछ ।

घ) आयोजनाबाट उत्पादित विधुत प्रसारण (Power Evacuation) का लागि ने.वि.प्रा.को दायित्वभित्र परेको प्रसारण लाइन तथा सबस्टेशनको निर्माण सम्पन्न हुने स्पष्ट मिति (Required Transmission Commissoning Date-RTCD) वितरण तथा ग्राहक सेवा तथा प्रसारण निर्देशनालयले लिखितरुपमा उपलब्ध गराउनु पर्नेछ ।

ङ) माथि उल्लिखित बुँदा (क), (ख), (ग) र (घ) का अतिरिक्त PPA मा उल्लेख भएबमोजिमको भौतिक निर्माण कार्य (प्रवेशमार्ग निर्माण तथा वातावरणीय कार्य समेत) प्रारम्भ भएको आयोजनाको समग्र भौतिक प्रगति र ने. वि. प्रा. को दायित्वभित्र परेको प्रसारण लाइन तथा सबस्टेसन निर्माण कार्यको प्रगतिबीचको यथार्थ अवस्था तथा त्यसको अनुपातसमेतको विश्लेषण गरी आयोजनाको प्रगति-विवरण र RCOD संशोधनको पर्याप्त आधार स्पष्ट गरिएको हुनुपर्नेछ ।

च) RCOD संशोधन लगायत अन्य जुनसुकै कारणबाट सम्बद्ध कुनै आयोजनाले २०७१ चैत्र मसान्तसम्म व्यापारिक उत्पादन शुरु (COD) गर्न नसकेमा ती आयोजनाको हकमा नेपाल सरकारको "निजीक्षेत्रबाट निर्माणाधीन जलविधुत आयोजनाहरुलाई प्रदान गरिने सुविधासम्बन्धी कार्यविधि, २०६८" अनुसारको नयाँ खरिद दर लागू हुने छैन ।

छ) PPA गर्दा प्रवर्द्धकसँग लिइएको परफरमेन्स बैंक ग्यारेन्टीको म्याद नयाँ RCOD को मितिले ९० दिन पछिसम्म बहाल रहनेगरी प्रवर्द्धकले पुनः पेश गरेपछि मात्र साविकको PPA मा RCOD को समयावधि संशोधन हुनेछ ।

ग) ने.वि.प्रा. संचालक समितिको मिति २०७१।१०।२५ को ६९९ औं बैठकबाट सर्भेक्षण अनुमति पत्रको म्याद नाघिसकेको तर विद्युत उत्पादनको अनुमति पत्रका लागि सम्बन्धित सरकारी निकायमा आवेदन गरी सोको कारवाही भइरहेको आशय पत्र जारी भएको अवस्थामा प्रवर्द्धकले पिपिए गर्न चाहेमा पिपिएमा समावेश गर्नु पर्ने शर्तहरु :

विद्युत सर्वेक्षण अनुमति-पत्रको म्याद नाघिसकेका तर सो म्याद नाघ्नुअगावै विद्युत उत्पादनको अनुमति-पत्रका लागि सम्बन्धित सरकारी निकायमा आवेदन गरी सोको कार्यबाही भइरहेको आशयको पत्र ने.वि.प्रा.मा पेश गरेका प्रवर्द्धक कम्पनीले विद्युत खरीद सम्झौता गर्न चाहेमा निम्न शर्तहरुको अधीनमा रही उक्त सम्झौता सम्पन्न गर्न सकिनेछः

अ) प्रवर्द्धक कम्पनीले प्राप्त गरेको विद्युत उत्पादनको अनुमति-पत्र विद्युत खरीद सम्झौतामा हस्ताक्षर भएको मितिले ९ (नौ) महिनाभित्र ने.वि.प्रा.मा बुझाउनु पर्नेछ ।

आ) सम्बन्धित निकायबाट विधिवत जारी भएको विद्युत उत्पादन अनुमति-पत्र (Generation License) प्रवर्द्धक कम्पनीले ने.वि.प्रा.मा बुझाएको मितिदेखि विद्युत खरीद सम्झौता प्रभावकारी हुनेछ ।

इ) माथि प्रकरण (अ) मा उल्लिखित अवधिभित्र प्रवर्द्धक कम्पनीले विद्युत उत्पादन अनुमति-पत्र प्राप्त गरेको प्रमाण पेश गर्न नसकेमा सम्पन्न विद्युत खरीद सम्झौता रद्द हुनेछ र सोही आधारमा परफरमेन्स जमानतसमेत जफत हुनेछ ।